# d]lbj ; @)!!M
# विगतको समीक्षा र भविष्यको प्रतिवद्धता

***"द्वन्द्व छ, किनकी त्यहाँ वर्गहरू छन्;***
***वर्गहरू रहने छैनन्, किनकी त्यहाँ द्वन्द्व छ ।"***

एकजना अमेरिकी विद्वान- साउल अलिन्स्कीले मानव समाजलाई मूलत तीन भागमा विभाजन गरेका छन्: हुने-खाने, हुँदा-खाने र थोरै भएका तर धेरै आस गर्ने! सबैभन्दा माथि 'हुने-खाने' छन्- शक्ति, सम्पत्ति, संरक्षण र ऐस आराम सहित । उनीहरु अकुत सम्पत्तीबाट निसास्सिएका छन्, अर्कातिर 'हुँदा-खाने'हरु भोकमरीको चपेटामा परिरहेका छन् । संख्यात्मक हिसाबमा अल्पसंख्यामा रहेका'हुने-खाने'हरु जे जस्तो स्थिती छ, जसमाथि उनीहरुले रजाइँ गरिरहेका छन्; त्यसलाई जस्ताको तस्तै राख्न चाहन्छन् । राजनीतिक-तापको भाषामा भन्ने हो भने उनीहरु यथास्थितीलाई मज्जासंग जमाइ राख्ने गरी 'चिसो' रहन प्रतिवद्ध हुन्छन् ।

त्यसको फेदमा भने "हुँदा-खाने"हरुको संसार छ । विश्व परिदृस्यमा उनीहरुको संख्या 'हुने-खाने'हरुको भन्दा कता हो कता ज्यादा छ । उनीहरु "अभाव र गरिवी, आवासको लागि झुपडी, रोग र अज्ञानता, राजनीतिक रुपमा अधिकारविहिनता, निरासा, वेरोजगारी वा रोजगारी भए पनि २ छाक टार्न धौ धौ पर्ने ज्याला र मानवीय विकासका आधारभुत सबै क्षेत्रबाट बञ्चिती" जस्ता दु:खको साझा धागोमा उनिएका छन् । र, भनीरहन पर्दैन यी दुई मध्ये बलियाले नै निर्धामाथि सजिलै शोषण-शासन गर्छ ।

वर्गीय हैकम प्रत्यक्ष रुपमै आर्थिक भेदभावका कारणले हुन्छ, कसैको छालाको रंग, जन्मे/हुर्केको ठाँउ वा लैङ्गिक पहिचानमा हैन । त्यसैले वर्गसंघर्षको प्रत्यक्ष घेरामा न जाती-जनजातीय द्वन्द्व पर्छ, न त लैङ्गिक द्वन्द्व । कुनैपनि जाती/जनजाती, वर्ण, क्षेत्र वा लैङ्गिक पहिचानको व्यक्ति उत्पीडक हुन सक्छ । उत्पीडनको यस्तो प्रणालीले तिनै जाती/लिङ्ग र क्षेत्रका मानिस वीच आपसमा मारामारी गराउँछ । गरिव वा धनीको पक्ष लिनु भनेको विपरित पक्षको विरुद्ध उभिनु हो- उत्पीडितहरु, उत्पीडकको विरुद्धमा, गरिवहरु धनीका विरुद्धमा र एउटा वर्ग, अर्को वर्गको विरुद्धमा!

अहिले हामी मे दिवस मनाई रहेका छौं । मे दिवसलाई हामी उत्सव कै रुपमा पनि मनाउँछौं । उल्लासको पर्वको दिन संघर्षको यो चर्चा किन त?

किनकी हाम्रो महान मे दिवसको गौरव गाथा, विश्वमा सिमित संख्यामा रहेका हुनेखानेहरुले, विसाल संख्यामा रहेका हुँदाखानेहरु माथि थोपरेको अत्याचारको विरोधसंग गाँसिएको छ । वर्षौंदेखि हामीले चर्चा गर्दै आएको 'तीन आठ' अर्थात ८/८ घण्टामा विभाजित 'काम-मनोरञ्जन- र, आराम'

को मागसंग यो जोडिएको छ । यो आजभन्दा १२५ वर्ष अघि श्रमजीवी वर्गको भावी पुस्ताको 'सम्मानित, समृद्ध र सिर्जनशील जीवन'को सपना देखे वापत फाँसीमा चड्ने सिकागोकाश्रमिक नेताहरुको वलिदानी संघर्ष-गाथासंग जोडिएको छ । र, यो हाम्रै देशमा साँढे ६ दसकदेखि लोकतन्त्र-समानता र समृद्धिको लागि कहिले १ शताव्दी भन्दा लामो जहाँनिया राणाशासन त कहिले निरङ्कुस राजतन्त्रले नेपाली जनतामाथि लादेको पञ्चायती व्यवस्था सहितका विभिन्न रुपको तानाशाही शासन विरुद्ध मनग्य रगत वगाउने र अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण श्रमजीवी वर्गको वलिदानी संघर्षसंग जोडिएको छ ।

यी विषयहरुमा हामीहरुले हरेक वर्ष चर्चा गर्ने गरेका छौ । गत वर्ष पनि हामीले नेपाली समाजको सामन्ती जगलाई बेस्सरी हल्लाउने २०६३ सालको लालीगुराँस क्रान्तीलाई स्मरण गर्‍यौं । र, ठूलो अपेक्षा सहित भन्यौं- रुपान्तरण सम्भव छ ! एक वर्ष पछि फर्केर हेर्दा हाम्रो राजनिति, सत्ता परिवर्तनको गोल-चक्करमै रुमलिई रह्यो । गत वर्षको मे दिवसमा हामीले तत्कालिन प्रमुख प्रतिपक्षीदललाई "सडकबाट (सरकारलाई) लतारेर सत्ता हान्ने हठ त्याग्न" आव्हान गरेका थियौं । त्यो उपक्रमले फेल खायो, अहिले पात्रहरु फेरिएका छन्, अर्घेल्याईको विधि फेरिएको छ । तर सत्तामोहको माखे साङ्लो भने जहाँ को त्यही, जस्ता को तस्तै छ । हाम्रो राजनीतिमा रहेको यथास्थितिको डरलाग्दो जडता जहाँ को त्यहीं छ ।

त्यसो हो भने के हाम्रो राजनीतिक नेतृत्व असान्दर्भिक भएको हो त?

गएको वर्षको मे दिवसको दिन हामीले भनेका थियौं- "अहिले यतिखेर हाम्रो संविधान लेखि सकिनु पर्थ्यो, यो ठीक छ-हुन्छ; यो ठीक छैन-हुन्न भन्दै धमाधम एकीकृत मस्यौदाका दफादफामा मतदान गरिरहेको हुनुपर्थ्यो...।" यो एक वर्ष संविधान लेखनमा उल्लेख्य प्रगति नै नगरी हामी पोहोर कै अवस्थामा आइपुगेका छौं । यद्यपी संवैधानिक समितिमा रहेका सबै दलका मुख्य नेता सहित ६५ सभासदहरुलाई छोड्ने हो भने संविधान लेखन कार्यमा ५३६ सभासदहरुले गर्न बाँकी काम भनेको त हाउसमा विधेयकको रुपमा पेस हुने 'संविधानको एकीकृत मस्यौदा'मा मतदान गर्ने मात्रै हो । तर दु:खको कुरा 'जेठ १४ अघि अधुरा के के काम कसरी गर्ने र जेठ १४ पछि पनि लम्विने सम्भावना रहेको संक्रमणकाललाई कसरी व्यवस्थापन गर्ने ...' भन्नेमा एक भई चिन्तन-मनन गर्नुको साटो हाम्रो राजनीतिक नेतृत्वको शीर्ष तहबाटै 'संविधानसभाको म्याद थप्ने की नथप्ने' गैर-जिम्मेवार विवाद छेडी 'अपजस'को पोको कसको थाप्लोमा फ्याकेर उम्कने भन्ने तिकडममा केन्द्रीत हुन पुगेको देखिन्छ ।

संविधानसभाको म्याद किन थप्ने?

यही प्रश्न लोकतन्त्रमा विश्वास गर्ने प्रत्येक दलका नेतागणहरुलाई हामीहरु पनि सोध्न चाहन्छौं । तर कसैले त भनी दिनु पर्‍यो, ६५ वर्ष अघि लोकतन्त्र स्थापना गर्दा निश्चित गरेको- 'सविधानसभामार्फत जनताको संविधान बनाउने' हाम्रो 'मिसन' पुरा भयो? वा हाम्रो त्यो वेलाको माग

नै गलत थियो? संविधानसभा विघटन पछिको विकल्प के हो- "०६३ पछिको अन्तरिम संविधान या राजतन्त्र हटाईएको ०४७ को संविधान अथवा राजनीतिक नेतृत्व असफल भएको प्रमाण स्वरुप राष्ट्रपती शासन?!"

मे दिवसको दिनमा, यो प्रश्न हामी प्रमुख दल मात्रै हैन संविधानसभामा रहेका सबै दलहरु तथा आफूलाई 'ओपनियन मेकर' ठान्ने विद्वतवर्ग तथा 'नागरिक समाज'संग गर्न चाहन्छौं- "गाली र टिका- टिप्पणी त गर्नु गरियो अर्काको अकर्मन्यताको; तपाईहरुले सुझाउने विकल्प चाँहि के हो?"

स्पष्ट छ, नेपाली समाजमा देखिएका सबै पात्रहरु जनताले नचिनेका 'वराजु' हैनन् । नेपालीमा एउटा आहान छ- 'जेठा मामाको त भाङ्ग्राको धोती, कान्छा मामाको कुन गति!' त्यत्रो अदम्य उत्साह र अपेक्षाका साथ निर्वाचन गरिएको 'समावेसी' संविधानसभाले त जनअपेक्षा अनुरुपको संविधान दिन सकेन भने यो संविधानसभालाई विघटन गरी, हाल संविधानसभामा नभएका, जीवन चक्रको पल्लो डिलमा पुगेका र ०४७ साल पछिको बहुदलीय शासन कालमा दुर्नामी कमाएका कतिपय नेताहरुबाट सुशासनको प्रत्याभुती हुने संविधानको अपेक्षाचाँहि गर्ने कसरी? र, चर्चामा रहेको 'ताजा जनादेशको लागि नयाँ निर्वाचन'को विकल्पलाई "सहि" मान्ने कसरी? मन परेन भन्दैमा वचेको एउटा जननिर्वाचित संस्थालाई विघटन गरी ०५८ साल अघिको जस्तो अवस्थामा फर्कने प्रकृतिको 'विकल्प'मा भर गर्ने कसरी?

संविधानसभाको विकल्प सिमित वर्ग र व्यक्तिको लाभ-हानीको हिसाव-किताव गरी संविधान मस्यौदा गर्ने "लेखन मण्डली" हुन सक्छ र? किमार्थ हुन सक्दैन ! हामी स्पष्ट हुनै पर्छ ।

प्रश्न उठ्छ, त्यसो भए गएको वर्ष यत्ति कै खेर गयो त?

राजनीतिक रुपमा जटिलता रहे पनि यसवर्ष श्रमको संसारमा भने केही आसालाग्दो उपलव्धी पनि  भएको छ । विसौं वर्षदेखि मागको रुपमा चर्चा गर्ने गरिएको सामाजिक सुरक्षा प्रणालीले यो वर्ष व्यवहारिक रुप पाएको छ । अघिल्लो सरकारले बजेट मार्फत नियमित पारिश्रमिक हात पार्ने श्रमिकहरुको तलवमा लगाएको १% करमा आधारित भएर सिर्जना गरिएको सामाजिक सुरक्षा कोषबाट सामाजिक सुरक्षा प्रणालीको जग हालिएको छ । यो वर्षको रोजगारदाता र ट्रेड युनियनहरु वीच भएको सामुहिक संझौता मार्फत दुवै पक्षको योगदानको अनुपात समेत तय गरिएको छ । वर्तमान सरकारले, श्रम मन्त्रालयको संयोजनमा रहने गरी त्रिपक्षीय सामाजिक सुरक्षा कोष सञ्चालक समिति र त्यसको प्रशासन, नियमावली मार्फत निश्चित गरिसकेको छ ।

यो निश्चिय नै श्रमजीवी वर्गको पक्षमा भएको उपलव्धी हो । यसपटकको संझौता पहिले-पहिले जस्तो 'तलव-भत्ता वृद्धिको सहमती' नभई असमान हाम्रो समाजलाई, समतामूलक तथा कल्याणकारी बाटोमा अघि बढाउन एउटा ठोस कदम हो ।

समाज विकासक्रमको हिसावले राजनीतिक रुपमा संक्रमणकालमा रहेझैं, अर्थ-राजनीतिको सन्दर्भमा पनि हामी संक्रमणकालमा नै छौं । परिवर्तनको हिसावले 'पुरानोलाई छोडेको तर नयाँ जगमा उभि नसकेको' स्थिति हो हाम्रो समाज ! अर्को शव्दमा अर्थ्याउनु पर्दा हामी ध्वंस (डिस्ट्रक्सन) वा निर्माण (कन्स्ट्रक्सन) दुबै चरणमा नभई, विनिर्माण (डिकन्स्ट्रक्सन) को चरणमा छौं। विनिर्माण भनेको पुरानो समाज व्यवस्थाको काम नलाग्ने पक्षलाई त्याग्ने र सद्दे तथा काम लाग्ने पक्षको जगमा नयाँ सिर्जना गर्नु हो ।

"असमान समाजका धनीहरुको धन कमाउने अभियानमा अङ्कुस लगाउने हैन, उनीहरुको उच्च आयमाथि मुनासिव कर लगाई न्युन आय भएकालाई राज्यको तर्फबाट सामाजिक सहायता उपलव्ध गराउने! रोजगारीमा रहेका श्रमिक तथा तिनका रोगजारदाताको योगदानमाथि राज्यको पनि योगदान थपि सिर्जना गरिएको कोषबाट शिक्षा, स्वास्थ्य, पेन्सन, वेरोजगार भत्ता सहितको सुविधाबाट श्रमजीवी वर्गलाई सामाजिक संरक्षण प्रदान गर्ने!!" मारामारी र दङ्गा फसादभन्दा फरक यो नै आजको नेपाली समाजको वर्गसंघर्ष हल गर्ने व्यवहारिक विधि हो । यही बाटोबाट श्रमशक्तिको विकास गर्न सकिने संभावना हामीले देखेका छौं । त्यसै भएर पछिल्लो सामुहिक संझौतालाई हामीले "ऐतिहासिक" भनेका हौं । त्यसै भएर यसपटकको सहमतीमा उच्च समझदारी देखाउने रोजगारदाताहरुको निवर्तमान नेतृत्वलाई हामीले धन्यवाद दिएका छौं । यसैमा आधारित भएर 'श्रमको संसारमा उदार नीति, कामदार/कर्मचारीहरुको संरक्षित रोजगारी' हामीले भनेका हौं ।

यो मे दिवससम्म आइपुग्दा रोजगारदाताहरुको नयाँ नेतृत्व चुनिएको छ । गत वर्ष हामीले सबै इलमी/उद्यमी र तिनका संगठन तथा नेताहरुलाई 'खेल, नियम सम्मत खेल्न' आग्रह गरेका थियौं । यसपटक पनि हामी फेरी त्यही आग्रह दोहऱ्याँउन आवस्यक ठान्छौं- "दुई पक्ष वीच गरिएको सहमती अक्षरस लागू गरियोस् । सामाजिक सुरक्षा प्रणालीलाई उल्टाउने झिंगे दाउ कहीं कतैबाट नहोस् !"

"गरिखान देऊ, मागीखाने- लुटी खानेलाई रोकी देऊ" भन्ने व्यवसायिहरुका मागको हामी पनि समर्थन गर्छौं । र, फेरी एकपटक हाम्रा आग्रह पनि दोहऱ्याउन चाहन्छौं- "श्रमिक-रोजगारदाता सम्बन्ध, श्रम कानूनमा उललेख भए बमोजिम नै व्यवस्थित गर; हाम्रो कार्यथलोमा 'बाहुवली'हरुको दवदवालाई अस्विकार गर!"

गत वर्ष हामीले श्रमको संसारमा दुरगामी महत्व राख्ने विषयवस्तुहरुलाई उच्च महत्वका साथ उठाएका थियौं । जिफन्ट नेतृत्वको यो टीमले जिम्मेवारी सम्हाले पछि "जहाँ श्रमिक, त्यहाँ जिफन्ट"को नारालाई लागू गर्ने क्रममा यस वर्ष १२ अञ्चल अधिवेसन सहित विभिन्न आवद्ध संघहरुको राष्ट्रिय अधिवेशन सम्पन्न गऱ्यौं । चाहे जुनसुकै सर्तमा काम गर्ने श्रमिकहरु हुन् "सबैलाई युनियन अधिकार र सबैलाई सामाजिक संरक्षण"को नारा व्यापक गऱ्यौं ।

यी उपलव्धी संगै जोडिएर टुङ्गोमा पुऱ्याउन नसकिएका गतसालका केही कामहरु पनि छन् ।

- आइएलओ महासन्धि नं. ८७ को अनुमोदन,
- अन्तरिम सम्विधानमा उल्लेख गरिएको 'मजदुर आयोग'को मर्म अनुरुप त्रिपक्षीय सहमतिमा संवैधानिक र अधिकार सम्पन्न राष्ट्रिय श्रम आयोगको गठन,
- पुराना श्रम कानूनहरुमा सामयिक परिमार्जन र सामाजिक सुरक्षा ऐन जस्ता नयाँ तथा आवस्यक श्रम ऐनहरुको निर्माण,
- सामाजिक सुरक्षा प्रणालीका स्किम डिजाइन र कोषको सञ्चालन,
- संविधानसभाका विषयगत समितिले तयार पारेको प्रारम्भिक मस्यौदामा नपरेका विषयहरु संविधानको अन्तिम मस्यौदामा थप्ने र पहिले नै परेका अधिकार कायमै रहेको श्रम-मैत्री नयाँ संविधानको सुनिश्चितता,
- सिङ्गो समाजलाई शोषणमूलक र अनुचित श्रम अभ्यासका विपक्षमा उभ्याई श्रमिक वर्गका लागि सम्मानित, समृद्ध र सिर्जनशील जीवन ।

यिनै एजेण्डाहरु आगामी वर्षको लागि पनि हाम्रा कामका प्राथमिकता हुन् । तर यी कामहरु मध्ये अधिकांस नेपाल सरकारसंग जोडिएका छन् । सम्पूर्ण श्रमजीवी वर्गको तर्फबाट हामीलाई प्रश्न गर्ने हक छ- सम्माननीय प्रधानमन्त्री ज्यू;

- आइएलको महासन्धि नं. ८७ अनुमोदनको लागि यहाँलाई रोक्ने को हो?
- श्रम क्षेत्रमा लोकतान्त्रिक सुधार गर्न बाधा पुऱ्याउने को हो?
- झण्डै आधा जनसंख्या गरिवीको रेखामुनि रहेको हाम्रो देशमा श्रम-मैत्री नीति कार्यक्रम ल्याउन र लागू गर्न व्यवधान खडा गर्ने को हो?
- समग्रमा, नेपाली समाजको अग्रगामी रुपान्तरणमा राजनीतिक नेतृत्वलाई अलमल्याउने को हो?

यदी सरकार यी एजेण्डालाई सम्बोधन गर्न प्रतिवद्धत छ भने हामी नेपाली ट्रेड युनियन आन्दोलनको तर्फबाट स्पष्ट पार्न चाहन्छौं- आगामी वर्षहरुमा श्रमको संसार "शान्ति क्षेत्र" को रुपमा रुपान्तरित हुन्छ ।

हाम्रो आमन्त्रणलाई स्वीकारी, देशभरीका श्रमिकहरुप्रति ऐक्यवद्धता जनाउन यहाँ पाल्नु भएका सबै अतिथि तथा उपस्थित सम्पूर्ण सहभागीहरुमा नेपाली श्रमिकहरुको तर्फबाट धन्यवाद । मे दिवस-२०११ को हार्दिक शुभकामना !

धन्यवाद !